# आर्थिक वर्ष २०७७/०७८
# पहिलो कार्यपालिकाको बैठकका निर्णयहरु

**मध्यनेपाल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भोर्लेटार, लमजुङ

प्रस्तावहरु:

१ प्रारम्भिक वाताबरणिय अध्ययन प्रतिबेदन सम्बन्धमा ।
२ पार्क निर्माण सहयोग सम्बन्धमा ।
३ ढुंगा,गिटी,वालुवा अनुगमन कार्यदल गठन सम्बन्धमा।
४ विपद् व्यवस्थापनकोष (सञ्चालन) कार्यविधि सम्बन्धमा।
५ निर्माण सामाग्री र ज्यालाको दररेट सम्बनधमा।
६ नगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने गत आर्थिक बर्षको सुविधा सम्बन्धमा।
७ चालु आर्थिक बर्ष कायोजना तथा कार्यक्रमको लागत सहभागिता सम्बनधमा।
८ नगरपालिकाको प्रशासकीय भवनको ड्रईङ डिजाईन र लागत अनुमान सम्बन्धमा।
९ झोलुङ्गे पुल सम्बन्धमा।
१० स्वास्थ्य सम्बन्धमा।
११ शिक्षा सम्बन्धमा।
१२ कृषि तथा पशु विकास सम्बन्धमा।
१३ प्राविधिक भत्ता सम्बन्धमा ।
१४ वडा ब्यस्थापन पेश्की सम्बन्धमा ।
१५ योजनाको नाम परिबर्तन सम्बन्धमा ।

निर्णयहरु:

**निर्णय नम्वर १**

प्रस्ताव नम्वर१माथि छलफल गर्दा यस नगरपालिका भित्रका विभिन्न नदीका घाटबाट नदिजन्य पदार्थ उत्खनन गर्ने प्रयोजनको लागि नगरपालिका र ब्राईट फ्यूचर ईन्टरनेशनल प्रा.लि. बानेश्वर काठमाडौ विच भएको संझौता बमोजिम तयार गरी कार्यपालिकाको बैठक समक्ष पेश भएको प्रारम्भिक बातावरणिय निरिक्षण प्रतिबेदन अध्ययन गर्दा प्रतिकुल वातावरणिय प्रभाव पर्ने खालको कुनैपनि प्रावधान रहेको नदेखिएकोले उक्त प्रतिवेदनलाई प्राविधिक समितिको सिफारिसको आधारमा स्वीकृत गर्ने र उक्त प्रतिबेदन तथा नेपाल सरकारद्वारा जारी**"ढुंगा,गिटी,वालुवाउत्खनन, बिक्रि तथा ब्यबस्थापन सम्बन्धी मापदण्ड,२०७७"**बमोजिम देहाय अनुसारका घाटहरुमा देहाय अनुसारको परिमाण बराबरको नदीजन्य पदार्थको ठेक्का प्रक्रिया अगडी बढाउनको लागि (मिदिम खोला सि.नं. २ र ३ बाहेक अन्य)प्रमुख प्रशासकीय अधिकृत लाई निर्देशन दिने निर्णय गरियो।

| सि.नं. | घाटको नाम | बार्षिक उत्खनन परिमाण घनफिट | न्यूनतम दर प्रति घनफिट रु. | जम्मा रकमरु. | कैफियत |
|---|---|---|---|---|---|
| क | मिदिम खोला | | | | |
| १ | मिदिम खोला झोलुङ्गे पुलबाट मिदिम दोभान सम्मको खण्ड | ९२,६१०.० | ७.० | ६,४८,२७०.० | |
| २ | मिदिम खोला झोलुङ्गे पुलबाट मजुवा- देउराली खोला दोभान खण्ड | ५,७६,६५१.६० | ७.० | ४०,३६,५६१.२० | हाललाई ठेक्का नलगाउने |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मिदिम खोला -देउरालीखोला दोभानबाट नाल्मा फेदी खण्ड | ४,६९,२२४.० | ७.० | ३२,८४,५६८.० | हाललाई ठेक्का नलगाउने |
| ख | रिस्ती खोला | | | | |
| १ | रिस्ती खोला समि फेद - चर्दी दोभान खण्ड र ब्यस मार्ग रिस्ती पुल खण्ड | ८५,२०१.२० | ७.० | ५,९६,४०८.४० | |
| २ | रिस्ती खोला चर्दी दोभानबाट ब्यास मार्ग पुल सम्मको खण्ड | ६०,५०५.२० | ७.० | ४,२३,५३६.४० | |
| ग | मादी खोला | | | | |
| १ | मादी नदी एक्वुवार – रुदी दोभान खण्ड | ९२,६१०.० | ७.० | ६,४८,२७०.० | |
| २ | मादी नदी रामबजार- कोईलेनी खण्ड | ७४,०८८.० | ७.० | ५,१८,६१६.० | |
| ३ | मादी नदी पिस्ती दोभान खण्ड | १,४८,१७६.० | ७.० | १०,३७,२३२.० | |
| ४ | मादी नदी पराजुली बेंसी लामाखेत – रिहिने खण्ड | ७४,०८८.० | ७.० | ५,१८,६१६.० | |
| ५ | मादी नदी बाउदी दोभान खण्ड | ४,९३,९२०.० | ७.० | ३४,५७,४४०.० | |
| ६ | मादी नदी सिसाखोला घाट | ३,९५,१३६.० | ७.० | २७,६५,९५२.० | |
| ७ | मादी नदी रिस्ती दोभान खण्ड | ४६,३०५.० | ७.० | ३,२४,१३५.० | |

**निर्णय नम्वर २**

प्रस्ताव नम्वर २ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय लमजुङको उत्तर तर्फ रहेको जमिनमा लमजुङ जिल्लाका आठ वटा स्थानिय तहहरु साथै लमजुङ जिल्लाको समेत नक्शा अंकित हुनेगरी पार्क निर्माण गर्न लागिएको र सोकार्यको लागि प्राविधिक द्वारा तयार गरिएको लागत अनुमान अनुसार रु.४,६५,८७२.७१बजेट आवश्यक पर्ने देखिएकोले सोबजेटको विनियोजनको ब्यवस्था मिलाई दिनुहन भनि जिल्ला प्रशासन कार्यालय लमजुङको चलानी नम्बर २५३ मिति२०७७।०५।०२ कोपत्र प्राप्त भएकोले उक्त रकम चालु आर्थिक बर्षको स्विकृत बजेट तया कार्यक्रमको"नगर प्रमुख आर्थिक सहायता कार्यक्रम" शिर्षकमा विनियोजित रकम बाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नम्वर ३**

प्रस्ताव नम्वर ३ माथि छलफल गर्दा नेपाल सरकारद्वारा जारी "ढुंगा,गिटी,वालुवा उत्खनन, बिक्रि तथा ब्यबस्थापन सम्बन्धी मापदण्ड,२०७७" को दफा ९को उपदफा (७) मा उल्लेखित प्राबधान अनुसार यस नगरपालिका भित्र हुने ढुंगा,गिटी,वालुवाको उत्खनन कार्य उक्त मापदण्ड र वातावरणिय अध्ययन प्रतिबेदन बमोजिम भए नभएको सम्बन्धमा मापदण्डको अनुसुची ५ बमोजिमको चेकलिष्ट बनाई नियमित अनुगमन गर्नको लागि देहाय अनुसारको एक कार्यदल गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | संयोजक |
| २. | नगर उपप्रमुख | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. | योजना शाखा प्रमुख | सदस्य |
| ५. | प्राविधिक शाखा प्रमुख वा निजले तोकेको प्राविधिक | सदस्य सचिव |

**<u>निर्णय नम्वर ४</u>**

प्रस्ताव नम्वर ४ माथि छलफल गर्दा यस नगरपालिकाको "विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन,२०७६"को दफा१२अनुसारको"विपद व्यबस्थापन कोष" संचालनको लागि तयार पारि बैठकमा पेश **भएको "मध्यनेपाल नगरपालिकाको विपद व्यवस्थापन कोष( सञ्चालन) कार्यविधि, २०७७"**को मस्यौदालाई स्वीकृत गर्ने निर्णय गरियो।

**<u>निर्णय नम्वर ५</u>**

प्रस्ताव नम्वर ५ माथि छलफल गर्दा जिल्ला दररेट निर्धारण समिति लमजुङले निर्धारण गरेको आ.व.२०७७।०७८को निर्माण सामाग्री तथा ज्यालाको दररेटलाइ नै यस नगरपालिकाको आ व २०७७।०७८ को निर्माण सामाग्रि र ज्यालाको दररेट कायम गर्ने निर्णय गरियो।

**<u>निर्णय नम्वर ६</u>**

प्रस्ताव नम्वर ६ माथि छलफल गर्दा गण्डकी प्रदेश बाट जारी भएको **"गाँउसभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७"** गत आर्थिक बर्षको अन्तिममा जारी भएको कारणले सो ऐन अनुसार यस नगरपालिकाका पदाधिकारी तथा सदस्यहरुले पाउनुपर्ने अघिल्लो आर्थिक बर्ष २०७६।७७को कार्तिक महिना देखि असार महिना सम्मको सुविधा पाउन बाँकि रहेकोले उक्त सुविधा रकम समेत चालु आर्थिक बर्षमा आन्तरिक श्रोत समेतबाट उपलब्ध गराउनेनिर्णयगरियो।

**<u>निर्णय नम्बर ७</u>**

प्रस्ताव नम्वर ७ माथि छलफल गर्दा चालु आर्थिक बर्षको स्वीकृत बजेटमा यस आर्थिक बर्षमा संचालन हुने योजना तथा कार्यक्रमहरुबाट एक करोड रुपैया बराबरको रकम लागत सहभागिताबाट आम्दानी हुने अनुमान गरी आय श्रोतमा समाबेस गरिएको तर नगरपालिका भित्रका नगरवासीहरुले लागत सहभागिता गर्न नसक्ने भएको कारणले सो सम्बन्धमा देहाय अनुसार गरी आगामी नगर सभामा संसोधन पेश गर्नेनिर्णय गरियो।

१. चालु आर्थिक बर्षको स्वीकृत बजेटको आय श्रोतमा लागत सहभागिता शीर्षकमा राखिएको एक करोड रुपैयालाई आय श्रोतबाट हटाई बाँकी हुन आउने रकमलाई आय श्रोत कायम गर्ने,
२. त्यसैगरी चालु आर्थिक बर्षको स्वीकृत बजेट तथा कार्यक्रममा रहेका देहायका योजना तथा कार्यक्रमहरु हाललाई हटाउने र उपरोक्त कार्यक्रमहरु पछि बचत हुन जाने रकम बाट संचालन गर्ने ।

| सि.नं. | योजना तथा कार्यक्रम | लागत रु. | कैफियत |
|---|---|---|---|
| १ | धार्मिक पर्यटन गुरु योजना | १५,००,००० | |
| २ | मादी नदी र त्यसको बहुउपयोगिता गुरुयोजना | १०,००,००० | |
| ३ | पराजुली बेशी लामाखोत पार्क गुरुयोजना | ५,००,००० | |
| ४ | नमूना गाउ डि पि आर | १०,००,०००।- | |
| ५ | नेवा खानेपानी योजना बाग्रेबेशी | ५,००,००० | |
| ६ | चर्दी खानेपानी योजना | ५,००,००० | |
| ७ | दुना टपरी मेशिन खरिद | १०,००,००० | |
| ८ | महिला तथा अपाङ्ग कार्यक्रम | ४,००,००० | |
| ९ | नगर प्रमुख खेलकुद कार्यक्रम | ६,००,००० | |

| | | | |
|---|---|---|---|
| १० | नमूना गाउँ डि पि आर | १०,००,००० | |
| ११ | सडक बोर्ड लागत सहभागिता | १३,००,००० | |
| १२ | बिजय चोक लाङ्दी मोटर बाटो आइ ई ई | ५,००,००० | |
| १३ | सोतिपसल बजार तथा झोलुङ्गे पुल संरक्षण रिस्ति खोला तटबन्ध | ५,००,०००मध्येको २,००,००० हठाउने | ३,००,०००कायम गर्ने। |

**निर्णय नम्वर ८**

प्रस्ताव नम्वर ८ माथि छलफल गर्दा यस नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि कार्यपालिकाको बैठकमा पेश भएको भवनको ड्रईङ डिजाईन तथा रु.६,३०,६५,२००.७०(छ करोड तीस लाख पैंसठ्ठी हजार दुई सय र पैसा सत्तरी मात्र) को लागत अनुमानको सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो।

१. पेश भएको ड्रईङ डिजाईन तथा रु.६,३०,६५,२००.७०(छ करोड तीस लाख पैंसठ्ठी हजार दुई सय र पैसा सत्तरी मात्र) को लागत अनुमानलाई स्वीकृत गर्ने,

२. उक्त भवन निर्माणको लागि चालु आर्थिक बर्षमा नेपाल सरकार सशर्त अनुदानबाट रु. एक करोड बाउन्न लाख र नगरपालिकाबाट रु एक करोड बाउन्न लाख गरी जम्मा तीन करोड चार लाख बजेट विनियोजन भएकोलेउक्त भवन निर्माण कार्यलाई बहुबर्षिय योजना अनतर्गत राखी भवननिर्माणको लागि अपुग हुन आउने रकम आगामी आर्थिक बर्षको नगरसभाबाट विनियोजन गर्ने गरी नगर सभामा पेश गर्ने,

३. स्वीकृत ड्रईङ डिजाईन तथा लागत अनुमान अनुसार भबन निर्माण कार्यको प्रचलित कानून बमोजिम प्रकृया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नम्वर ९**

प्रस्ताव नम्वर ९ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं.१र ब्यास नगरपालिकाको वडानं.८विचमा पर्ने रिस्ती खोलामा बन्ने“ठूलो समीको फेद–गैरी खोला झोलुङ्गे पुल” निर्माणको लागि रु.३३,९५,३०१.४१(तेत्तीस लाख पन्चानब्बे हजार तीन सय एक रुपैंया र पैसा एकचालिस मात्र) लागत अनुमान रहेकोमा पुल निर्माणको लागि झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम बाट बयानब्बे प्रतिशत अथवा रु.३१,२३,६७७.४१(एकतिस लाख तेइस हजार छ सय सतहत्तर रुपैंया एकचालिस पैसा),उपभोक्ता समितिबाट जनश्रमदान दुई प्रतिशत अथवा रु.६७,९०६(सतसठ्ठी हजार नौ सय छ रुपैंया) र नगरपालिकाको लागत सहभागिता छ प्रतिशत अथवा रु.२,०३,७१८(दुइ लाख तीन हजार सात सय अठार रुपैंया)रहनुपर्ने प्राबधान रहे अनुसारको रकम उपलब्ध नभएको कारणले कार्यपालिकाको बैठकमा पेश भएको सो पुल निर्माण कार्यको टिप्पणी सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो।

१. झोलुङ्गे पुल क्षत्रगत कार्यक्रम बाट रु.३१,२३,६७७.४१ (एकतिस लाख तेइस हजार छ सय सतहत्तर रुपैंया) विनियोजन हुनपर्नेमा सशर्त अनुदानमा रु.१४,००,०००.००(चौधलाख)मात्र विनियोजन भएकोले रु.१७,२३,६७७.४१(सत्र लाख तेइस हजार छ सय सतहत्तर रुपैंया एकचालिस पैसा)अपुग हुने देखिएको हुँदा झोलुङ्गे पुल निर्माण कार्यको योजना संझौता भई कार्य प्रारम्भ भएपछी संबन्धित निकायमा अपुग रकम विनियोजनको लागि पत्राचार गर्ने,

२. नगरपालिकाको आर्थिक बर्ष२०७७।७८को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा पुलको लागि लागत सहभागिता रकम विनियोजन नभएकोले नगरपालिकाले ब्यहोर्नु पर्ने रु. २,०३,७१८(दुइ लाख तीन हजार सात सय अठार रुपैंया) को लागि पछी कार्यपालिकाले निर्णय गर्ने,

३. पुलको लागि आवश्यक Stell Parts supply तथा Fabrication कार्यको लागि रु.१३,२५,२७२(तेह्र लाख पच्चिस हजार दुई सय बहत्तर रुपैंया) रकम बराबरको बोलपत्रको प्रक्रिया अगाडी बढाउने कार्य र स्थानिय सामाग्री संकलन तथा श्रमिकमा आधारित निर्माण कार्य रु.१७,५७,४१७.९८(सत्र लाख सन्तावन्न हजार चार सय सत्र रुपैंया र पैसा अन्ठानब्बे) तथा जनश्रमदान रु.६७,९०६.३०(सतसठ्ठी हजार नौ सय छ रुपैंया र पैसा तीस) गरी जम्मा रु.१८,२५,३२४.२८(अठार लाख पच्चिस हजार तीन सय चौविस रुपैंया र पैसा अठ्ठाईस) रकम बराबरको संझौता उपभोक्ता समितिसंग गर्ने जस्ता दुबै कार्य अगाडी बदाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नम्बर १०**

प्रस्ताव नम्वर १० माथि छलफल गर्दा स्वास्थ्य सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो।

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आर्थिक प्रशासन शाखाको चलानी नम्बर ५१मिति२०७७।०५।२३को पत्रसाथ प्राप्त हुन आएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नीति तथा योजना शाखाको चलानी नम्बर १२६ मिति२०७७।०५।२३को पत्र अनुसार नगरपालिका क्षेत्रभीत्र पाँच शैयाको कोभिड -१९ अस्थायी अस्पताल संलालन गर्नुपर्ने भएकोले नगरपालिकाको वडानं १मा शहरी स्वास्थ्य केन्द्र संचालन भैरहेको सुर्यज्योती माध्यामिक विद्यालयको खाली भवनमा पाँच शैयाको कोभिड -१९ अस्थायी अस्पताल संलालन गर्ने,

२. सि.नं.१अनुसारको अस्थायी अस्पतालको लागि एक जना डक्टर, दुई जना नर्स र एक जना कार्यालय सहयोगि तथा विभिन्न स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका तीन जना हेल्थ असिष्टेण्ट र एक जना अ.हे.व.को सेवा करारमा लिने र सेवा करारमा लिनको लागि प्रकृया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृत लाई निर्देशन दिने।

३. यस नगरपालिका स्थित स्वास्थ्य केन्द्रहरुमा प्रसुति गराउन नसकि अन्यत्र अस्पतालमा रिफर गरिएका महिलाहरुलाई त्यस्तो अस्पताल सम्म लैजाने एम्बुलेन्स भाडा उपलब्ध गराउने प्रयोजनको लागि विगत बर्षहरुमा विनियोजित हुँदै आएको आमा सुरक्षा कार्यक्रममा यस बर्ष रकम विनियोजन हुन छुट भएकोले सो प्रयोजनको लागि चालु आर्थिक बर्षको स्विकृत बजेट तया कार्यक्रमको"नगर प्रमुख आर्थिक सहायता कार्यक्रम"शिर्षकमा रहेको रकमबाट रु.३,००,०००।– विनियोजन गर्ने,

४. हाल वडा नम्बर३को सूर्यपालमा रहेको स्वास्थ्य चौकीलाई१५ शैयाको प्राथमिक अस्पतालमा स्तरोन्नती गर्ने प्रकृयामा रहेकोले उक्त स्वास्थ्य चौकीलाई वडा नं ३ स्थित ब्यारेडिहीमा निर्मित नयाँ भवनमा स्थानान्तरण गर्ने र साविक स्वास्थ्य चौकी भवन रहेको स्थान डाँडागाउँमा नयाँ शहरी स्वास्थ्य केन्द्र स्थापना गरी स्वास्थ्य सेवा प्रवाह गर्ने,

५. वडा नम्बर२को सोतिपसलमा गत आ.ब.मा निर्मितखोप केन्द्रमा नयाँ शहरी स्वास्थ्य केन्द्र स्थापना गरी स्वास्थ्य सेवा प्रवाह गर्ने,

६. शहरी स्वास्थ्य केन्द्रमा कर्मचारी अभाव भई गत आर्थिक बर्षबाट नै एक जना अ.न.मि. को सेवा करारमा लिईएकोमा थप हुने शहरी स्वास्थ्य केन्द्रको लागि थप एक जना अ.न.मि. को सेवा करारमा लिने, दुबै अ.न.मि.को तलब भत्ता चालु आर्थिक बर्षको स्वीकृत बजेट तथा कार्यक्रममा रहेको शहरी स्वास्थ्य केन्द्र सुद्धिकरण कार्यक्रममा विनियोजित दश लाख रुपैया मध्येबाट भुक्तानी गर्ने र एक जना अ.न.मि. को सेवा करारमा लिनको लागि प्रकृया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने,

७. शहरी स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य केन्द्र ब्यबस्थापनको लागि आवश्यकता अनुसार स्वास्थ्य शाखाको सिफारिसको आधारमा प्रति स्वास्थ्य केन्द्र बढिमा मासिक पाँच हजार रुपैंयाको दरले सम्बन्धित स्वास्थ्य केन्द्र ब्यबस्थापन समितिको खातामा

जम्मा गरि दिने र सो रकम चालु आर्थिक बर्षको स्वीकृत बजेट तथा कार्यक्रममा रहेको शहरी स्वास्थ्य केन्द्र सुद्धिकरण कार्यक्रममा विनियोजित दश लाख रुपैया मध्येबाट भुक्तानी गर्ने,

८. सोतिपसल आयूर्वेद औषधालयमा सशर्त अनुदानबाट पारिश्रमिक पाउने गरि सेवा करार संझौता भई अभ्यङ्गकर्ता पदमा कार्यरत सुनिता कुमारीको म्याद२०७७ साल असार मसान्तमा समाप्त भएकोले वडा नम्बर २ को वडा समितिको निर्णयबाट सिफारिस भई आए अनुसारनिजको मिति२०७७साल श्रावण१गतेबाट पौष मसान्त सम्मको म्याद थप गर्ने।

९. सोतिपसल आयूर्वेद औषधालयले वडा नं ६ को वडा कार्यालयमा संचालन गर्दैआएको गाउँघर क्लिनिकलाई चालु आर्थिक बर्षमा पनि निरन्तरता दिने र वडा नं ६ को चालु आर्थिक बर्षको वडास्तरिय कार्यक्रममा रहेको "आयूर्वेद औषधालय ब्यवस्थान" शीर्षको रकमबाट उक्त क्लिनिकको लागि आवश्यक औषधी खरिद गर्ने तथा सोको लागि आयुर्बेद औषधालयलाई लागत अनुमान पेश गर्न निर्देशन दिने ।

१०. बर्थिङ्ग सेण्टर र शहरी स्वास्थ्यकेन्द्रका अ न मि हरुको पारिश्रमिक बृद्धि गरि मिति २०७७ कार्तिक देखि लागू हुनेगरी रु १९ हजार बाट बढाई २२ हजार गर्ने ।

११. देहाय अनुसारका ब्यक्तिहवरुलाई देहाय अनुसारको रकम कोभिड कोषबाट उपलब्ध गारउनको लागि "कोभिड कोष ब्यवस्थापन समिति" लाई अनुरोध गर्ने ।

क) पि सि आर संकलन कार्य गर्ने बढिमा २ जनासम्म ल्याब असिष्टेण्टलाई २०७७ साल श्रावण १ गतेदेखि संकलन गरेको हरेक दिनको रु. १०००।– कोदरले र सरसफाईमा सहयोग गर्ने कार्यालय सहयोगीलाई रु ५००।– को दरले प्रोत्साहन भत्ता उपलब्ध गराउन,

ख) क्वारेन्टाईन सुरक्षा ब्यबस्थामा खटिने सुरक्षाकर्मीहरुलाई खाजा खर्च बापत एकमुष्ट रुपमा मासिक रु. १०,०००।–उपलब्ध गराउन,

ग) ईशानेश्वर क्याम्पस क्वारेन्टाईनको सर सफाई, रेखदेख र ब्यवस्थापनको लागि एकजना हेरालु नियूक्त गर्ने र उक्त हेरालु लाई प्रतिमहिना पारिश्रमिक स्वरुप उपलब्ध गराउनुपर्ने रु. १५,०००।– उपलब्ध गराउन ।

## निर्णय नम्बर ११

प्रस्ताव नम्वर११ माथि छलफल गर्दा शिक्षा तर्फ देहाय अनुसार गर्ने निर्णय गरियो ।

१. आर्थिक वर्ष २०७६/७७ देखि नगरपालिका भित्रका प्रस्तावित माविहरुलाई दिइँदै आएको शिक्षक ब्यवस्थापन अनुदानबाट नियुक्त भई कार्यरत शिक्षकहरुको लागि अनुदान ब्यवस्थापन आ.व. २०७७/७८को असार मसान्त सम्म निरन्तरता दिने,

२. विद्यालयको स्वीकृत कोटामा कार्यरत विद्यालय सहयोगी, सहायक कर्मचारी र बालविकासका सहयोगी कार्यकर्ताहरुका लागि आ.व. २०७६/७७देखि प्रति महिना रु एक हजारको दरले उपलब्ध गराइँदै आएको प्रोत्साहन भत्ता २०७७/७८ को असार मसान्तसम्मका लागि निरन्तरता दिने,

३. सिकाइ सहजीकरणको पूर्व सावधानी अपनाउनका लागि सिकाई सहजिकरण प्रारम्भ गर्नु अगाबै आबश्यकता अनुसार विद्यालयका प्रधानाध्यापकहरुको पिसिआर परीक्षण गर्ने र सिकाइ सहजीकरण ब्यवस्थापनको लागि कक्षाकोठा निर्मलीकरण गराउन प्रति विद्यालय कम्तीमा एउटाका दरले स्प्रेब्याग तथा प्रति विद्यालय २लिटर देखि ५लिटरका दरले स्यानिटाइजर उपलब्ध गराउने,

४. नगरपालिका क्षेत्र भित्र तालिम प्राप्त दक्ष जनशक्ति उत्पादन गर्नका लागि पालिकाको आफ्नै लगानीमा प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम सञ्चालनका लागि प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद् (CTEVT) सँग अनुमति माग गर्ने तथा कक्षा सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने,

५. शिक्षा विकास निर्देशनालय पोखराको चलानी नम्बर ४२ मिति २०७७।०६।०८ को पत्रद्वारा सहमति माग भएका देहायका कार्यक्रमहरु यस नगरपालिका मार्फत कार्यान्वयन गर्नको लागि सहमति दिने ।

| सि.नं. | कार्यक्रम |
|---|---|
| १ | आदर्श विद्यालयको विकास एबं निरन्तरताको लागि अनुदान कार्यक्रम |
| २ | प्रारम्भिक वालविकास केन्द्र स्थापनाको लागि पूँजिगत अनुदान कार्यक्रम |
| ३ | गुरुकुल / गुम्वा / आश्रम / मदर्शा / मातृभाषामा अध्यापन गराउने विद्यालय / अनौपचारिक पौढ विद्यालय एवं बैकल्पिक विद्यालयको पुर्वाधार ब्यबस्था अनुदान कार्यक्रम |
| ४ | स्थानिय तहमा विज्ञान र गणित विषयगत शिक्षक समूह गठन गरि परिचालनको लागि अनुदान कार्यक्रम |

**निर्णय नम्बर १२**

प्रस्ताव नम्वर १२ माथि छलफल गर्दा कृषि तथा पशु विकास सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो।

१. चालु आर्थिक बर्षमा नेपाल सरकारको शसर्त अनुदान र नगरपालिकाको अनिवार्य सत प्रतिशत लागत सहभागितामा संचालन हुने पशुसेवा तर्फको भैंसी प्रबर्द्धन कार्यक्रम र वाख्रा प्रबर्द्धन कार्यक्रम संचालनको लागि नगरपालिकाको तर्फबाट लागत सहभागिता जनाउनु पर्ने रकमको श्रोत सम्बन्धमा अध्ययन गरि आगामी कार्यापालिका बैठकमा पेश गर्न र कार्यक्रम संचालन निर्देशिका अनुसारको कार्य गर्नको लागि देहाय अनुसारको एक कार्यदल गठन गर्ने,

| | | |
|---|---|---|
| १. | वडाध्यक्ष श्री वाल कुमार श्रेष्ठ, वडानं५ | संयोजक |
| २. | कृषि विकास शाखा प्रमुख श्री विपिन अधिकारी | सदस्य |
| ३. | अधिकृत छैठौ श्री शर्मिला पौडेल, प्रशासन शाखा | सदस्य |
| ४. | सव ईन्जिनियर श्री ठाकुर कृष्ण घिमिरे, प्राविधिक शाखा | सदस्य |
| ५. | ना.प.स्वा.प्रा. श्री दिपेन्द्र पौडेल,पशु विकास शाखा | सदस्यसचिव |

२. चालु आर्थिक बर्षमा नेपाल सरकारको सशर्त अनुदानबाट संचालन हुने कृषि सेवा र पशु सेवा तर्फका सबै कार्यक्रमहरु हाललाई नेपाल सरकारको सशर्त अनुदानमा विनियोजित रकम मात्र प्रयोग गरी संचालन गर्ने,

३. पशुहरुमा देखिएको लम्पी स्किन रोगको रोकथाम तथा नियन्त्रको लागि आवश्यक औषधी खरिदको लागि चालु आर्थिक बर्षको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा रहेको"नगर प्रमुख आर्थिक सहयोग कार्यक्रम"शीर्षकको रकम बाट रु २५हजार खर्च गर्ने,

४. नगरपालिका भीत्रका मासु / माछापसल, डेरी, दाना सप्लायर, एग्रोभेट , चिस्यान केन्द्र लगायत कृषि र पशु सम्बन्धी अन्य ब्यबसायिक फार्म तथा ब्यवसायहरुको तथ्याङ्क संकलन तथा नियमनको लागि नगरपालिकामा सूचिकृत हुन एक महिनाको समय दिई सूचना प्रकाशन गर्ने,

५. तर्कारीको विउ खरिद गरि कृषकहरुलाई नि शुल्क:वितरण गर्ने प्रयोजनको लागि चालु आर्थिक बर्षको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा रहेको"नगर प्रमुख आर्थिक सहयोग कार्यक्रम"शीर्षकको रकमबाटरु७५ हजार खर्च गर्ने,

६. कृषि विकास सम्बन्धी कार्यक्रमहरु संचालनको लागि देहायअनुसारको एक कृषि समिति गठन गर्ने ,

| | | |
|---|---|---|
| क) | नगर प्रमुख श्री रमेश कुमार पाण्डे | संयोजक |
| ख) | वडाध्यक्ष वडा नं ५ श्री वालकुमार श्रेष्ठ | सदस्य |
| ग) | वडाध्यक्ष वडा नं ९ श्री सूर्यबहादुर कुंवर | सदस्य |
| घ) | कार्यपालिका सदस्य श्री कमला माझी | सदस्य |

ङ)  कृषि विकास शाखा प्रमुख श्री विपिन अधिमारी                    सदस्य सचिव ।

**निर्णय नम्बर १३**

प्रस्ताव नम्वर १३ माथि छलफल गर्दा नगरपालिकाको प्राविधिक शाखाका प्राविधिक कर्मचारीहरु फिल्डमा गई कामकाज गर्नुपर्ने भएकोले देहायका प्राविधिकहरुलाई फिल्डमा कामकाज गरेवापत दोहोरो नपर्नेगरी कन्टेन्जेन्सी समेतको रकमबाट देहाय अनुसार फिल्डभत्ता उपलब्ध गराउने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. छैठौं तह वा सो सरहलाई | मासिक रु. | ८,०००।– |
| २. पाँचौ तह वा सो सरहलाई | मासिक रु. | ७,०००।– |
| ३. चौथो तह वा सो सरहलाई | मासिक रु. | ६,०००।– |

**निर्णय नम्बर १४**

प्रस्ताब नम्बर १४ माथि छलफल गर्दा वडा कार्यालयमा हुने विविध खर्च ब्यबस्थापनको लागि केही रकम नगद मौजदात रहुनु पर्ने आवश्यकतालाई मध्यनजर गरि वडा सचिबलाई सुरुमा रु. ५,०००।– पेश्की स्वरुप उपलब्ध गराउने र उक्त पेश्की रकमको प्रमाणित विल भर्पाई पेश भई पेश्की फर्छ्यौछौट भएपछी मासिक रुपमा पुन: पेश्की रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नम्बर १५**

प्रस्ताब नम्बर १५ माथि छलफल गर्दा चालु आर्थिक बर्षको स्वीकृत बार्षिक योजना तथा कार्यक्रममा रहेको 'सोतिपसल बजार पिच तजा कोलाङ्दी कल्भर्ट निर्माण कार्य" को नाम परिबर्तन गरि "सोतिपसल बजार सडक स्तरोन्नती र कोलाङ्दी कल्भर्ट निर्माण" कार्य गरि दुई वटा योजना कायम गर्ने र उक्त कार्य उपभोक्ता समितिबाट गर्ने निर्णय गरियो ।